म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ५३ | बिहीबार ६ असोज २०७९ | ने. सं. ११४२ ञलगा | 22 September, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

## राष्ट्रपतिबाट संविधान धरापमा पार्ने खेल खेलियोः उपेन्द्र यादव

साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले राष्ट्रपति भण्डारीले संविधानलाई नै धरापमा पार्ने खेल खेलेको आरोप लगाएका छन् ।

बुधबार हेटौंडामा आयोजित मकवानपुर जिल्ला पार्टी पुनर्गठन घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै यादवले संविधानको संरक्षक राष्ट्रपतिले नै संविधान उल्लंघन गर्दै संविधान धरापमा पार्ने खेल खेलेको आरोप लगाएका हुन् । उनले राष्ट्रपतिको कारण नेपाली नागरिक अनागरिक भएर बस्नुपर्ने भएको आरोप लगाए । संविधानको संरक्षकबाटै संविधान उल्लंघन भएको भन्दै राष्ट्रपतिको कदमले नागरिक भएर पनि अनागरिक रहनुपर्नेहरुको मानवअधिकार खोसिएको बताए ।



नागरिकता विधेयकलाई पारित नगरेर राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाली नागरिकमाथि अपराध गरेको उनको भनाइ छ । यादवले संविधान रक्षा गर्नुपर्ने संरक्षक राष्ट्रपतिबाट नै संविधान उल्लंघन भएको बताए ।

केपी शर्मा ओलीको सरकारले अध्यादेशमार्फत नागरिकता वितरण गर्ने प्रयास गरेकोमा सर्वोच्च अदालतले अध्यादेशबाट नभई कानुन बनाएर नागरिकता दिन भनेको स्मरण गर्दै यादवले भने 'त्यही अध्यादेश केपी ओलीको सरकारले राष्ट्रपतिसमक्ष पठाउँदा तुरुन्त राष्ट्रपतिबाट प्रमाणीकरण भएर अध्यादेश जारी भयो । त्यही अध्यादेशलाई हुबहु संसदको दुवै सदनले पटक-पटक पारित गरेर राष्ट्रपतिसमक्ष पठाउँदा राष्ट्रपतिले प्रमाणीकरण नगर्नु भनेको संविधान उल्लंघन गर्नु हो' उनले भने । संसदको दुवै सदनले पटक-पटक पारित गरेर पठाएको नागरिकता विधेयक प्रमाणीकरण नगरेर राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको उल्लंघन गरेको उनको आरोप छ ।

कानुनको विषयमा बोल्ने अधिकार, त्यसलाई फेरबदल गर्ने अधिकार र त्यसमा शब्दको हेरफेर गर्ने अधिकार संसदलाई हुने पनि स्पष्ट पार्दै राष्ट्रपतिको पछिल्लो कदमले संसदीय मर्यादा, लोकतन्त्र र नागरिकको अधिकारमाथि प्रहार भएको यादवले बताए । 'विधेयकलाई फेरबदल गर्ने अधिकार केवल संसदको हो । राष्ट्रपतिले पुनर्विचारको लागि संसदमा पठाउन पाउने अधिकार मात्रै संविधानले सुरक्षित गरेको छ,' यादवले भने । संसदको दुवै सदनले पटक-पटक पारित गरेर पठाएको नागरिकता विधेयक प्रमाणीकरण नगरेर राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको उल्लंघनन गरेको जसपा अध्यक्ष यादवले पटक-पटक आरोप लगाए ।

उनले नेपालको निर्वाचन प्रणाली नै बदलन आवश्यक रहेको बताए । अध्यक्ष यादवले नेपालमा जनताबाट निर्वाचित भएर राष्ट्रपति बन्ने व्यवस्था गर्नुपर्नेमा जोड दिए । आज भोलिको निर्वाचन महँगो हुँदै गएको भन्दै उनले भने, 'एउटा स्थानीय तहमा मात्रै करोडौँ खर्च गर्नुपर्ने, हजारौँ कर्मचारी खटाउनुपर्ने भएकाले अहिलेको निर्वाचन प्रणाली अत्यन्त खर्चिलो बनेको छ । अर्थतन्त्रमा गिरावट आइरहेको बेला खर्चिलो निर्वाचन प्रणालीलाई बदल्नुपर्ने छ' उनले अहिले जसपाले गठबन्धन गरेरै प्रदेश र प्रतिनिधि सभाको निर्वाचनको तयारी गरिरहेको समेत बताए ।

पत्रकारहरुसँग कुरा गर्दै यादवले हेटौंडामा २५ मिटर सडक विस्तार आवश्यक रहेको समेत बताए । पूर्व उपप्रधानमन्त्रीसमेत रहेका यादवले बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौंडामा सडक विस्तार अनिवार्य भएको बताए । उनले सडक क्षेत्रमा पर्ने घरधनीको पहिचान गरी राज्यले क्षतिपूर्ति उपलब्ध गराएर सडक विस्तार गर्न सुझाव दिए ।

## जसपा मकवानपुरको अध्यक्षमा घलान चयन

साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ जनता समाजवादी (जसपा) नेपाल जिल्ला कार्यसमिति मकवानपुरको अध्यक्षमा सोम बहादुर घलान चयन भएका छन् ।

बुधबार हेटौंडामा भएको पार्टीको जिल्ला पुनर्गठन घोषणा कार्यक्रमबाट घलान जिल्ला अध्यक्ष चयन भएका हुन् । घलानको अध्यक्षतामा सर्वसम्मत रुपमा २१ सदस्यीय जिल्ला समिति गठन भएको छ । समितिको उपाध्यक्षहरुमा योग बहादुर ब्लोन, दीपक सिन्तान, देव राज स्याङ्तान, सचिवमा सुबोध घलान, सह-सचिवहरुमा पर्वत स्याङ्बो, ग्रब्रेल च्योबाङ र कोषाध्यक्षमा रिता सार्की चयन भए । यस्तै सदस्यहरुमा वीरेन्द्र गोले, सन्त लोप्चन, मान बहादुर माझी, सुजन तामाङ, हर्क प्रजा, जेम्स प्रजा, राजकुमार घिमिरे, जित मान सिं वाईबा, सीता तामाङ, रन्जु गोम्जा, राधिका सिन्तान र जुरे बहादुर घिसिङ चयन भएका छन् ।

## 'आजबाट उपमेयर कप भलिबल प्रतियोगिता हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ आज बिहीबारदेखी हेटौंडामा उपमेयर कप भलिबल प्रतियोगिता हुने भएको छ ।

केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान मकवानपुरको आयोजनामा आजदेखी हेटौंडामा उपमेयर कप भलिबल प्रतियोगिता हुन लागेको हो ।




हेटौंडा उपमहानगर पालिकाका १९ वटा वडामध्ये ९ वटा महिला टिम र १२ वटा पुरुष टिमको सहभागिता रहने आयोजकले बुधबार पत्रकार सम्मेलनको आयोजना गर्दै जानकारी दिएको छ । हेटौंडा-४, हुप्रचौरमा असोज ९ गते सम्म हुने प्रतियोगिताको विजेताले ५० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले २५ हजार रुपैयाँ नगदसहित शिल्ड तथा प्रमाणपत्र प्राप्त गर्ने प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टले जानकारी दिए । चौथो संस्करणको प्रतियोगिता आयोजनाका लागि हेटौंडा उपमहानगरपालिकाले २ लाख ५० हजार रुपैयाँ बजेट उपलब्ध गराएको प्रतिष्ठानका उनको भनाइ छ । प्रतिष्ठानले असोज १० गतेबाट दोस्रो संस्करणको जिल्लास्तरीय महिला भलिबल प्रतियोगिता आयोजना गर्न लागेकोसमेत जनाएको छ । प्रतियोगितामा १० वटा टिमको सहभागिता रहने विष्टले बताए । प्रतियोगिताको विजेताले ५० हजार रुपैयाँ र उपविजेताले ३० हजार रुपैयाँ प्राप्त गर्नेछ ।

## सालक संरक्षणको विषयमा सरोकारवालाहरुबीच छलफल

साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ सालकको संरक्षणको विषयमा हेटौंडामा सरोकारवालाहरुबीच छलफल भएको छ ।

बुधबार लोपोन्मुख एवम संरक्षित सूचीमा रहेको सालकको संरक्षण, यसको संख्यामा वृद्धि, आहार, यसको फाईदा, कानूनी प्रावधान लगायतका विषयहरुमा सरोकारवालबीच छलफल भएको हो । छलफलमा हिमालयन नेचरका परियोजना अधिकृत प्रदीप सेढाईले नेपालमा सालक संरक्षणको अवस्थाको बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । बैठकमा सहभागिहरुले सालक संरक्षणमा समुदाय सक्रिय हुनु पर्ने, पर्सा वन्यजन्तु आरक्षले सहयोग गर्नु पर्ने, स्थानीय तहले सहजीकरण गर्नु पर्ने र जनचेतना बढाउने लगायतका विभिन्न प्रकारका कार्यहरु गर्नु पर्नेमा जोड दिएका थिए ।

बैठकमा चुच्चेखोला सामुदायिक वनका अध्यक्ष अर्जुनप्रसाद दाहाल र रानी सामुदायिक वनका कार्यालय सचिव भीमसेन पौडेलले सालक संरक्षणमा सामुदायिक वनले गरेका विभिन्न कार्यहरुको बारेमा जानकारी गराउनु भएको थियो ।

बैठकमा जेडएसएलका प्रचण्ड महर्जन र पर्सा वन्यजन्तु आरक्षका विष्णु पौडेलले सालक संरक्षणमा समुदाय सक्रिय हुनु पर्नेमा जोड दिएका थिए । चुच्चेखोला सामुदायिक वन, चेतना मध्यवर्ती सामुदायिक वन र सिटु मध्यवर्ती सामुदायिक वनका पदाधिकारी र उपभोक्ता पदाधिकारी समेत गरि बैठकमा ३१ जनाको सहभागिता थियो ।

## बागमती प्रदेशमा डेंगु संक्रमणबाट ११ जनाको मृत्यु




साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ बागमती प्रदेशमा लामखुट्टेको टोकाईबाट लाग्ने डेंगु रोगको संक्रमणबाट ११ जनाको मृत्यु भएको छ ।

स्वास्थ्य निर्देशनालय बागमती प्रदेशकोदिएको तथ्यांकअनुसार डेंगु संक्रमणको कारण प्रदेशमा ११ जनाको मृत्यु भएको हो । स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका प्रमुख महेश्वर श्रेष्ठले डेङ्गुबाट काठमाडौँमा चार, ललितपुरमा दुई, सिन्धुपाल्चोकमा दुई, मकवानपुरका एक, सिन्धुलीमा एक जना र धादिङमा एक जनाको मृत्यु भएको जानकारी दिए । यसैगरी प्रदेशमा हालसम्म १३ हजार तीन सय ७५ जना डेङ्गुका बिरामी फेला परेको छ । ती सबैभन्दा धेरै ललितपुर जिल्लामा चार हजार आठ सय ७८ मा डेङ्गुका बिरामी फेला परेका छन् ।

यसैगरी, काठमाडौँमा चार हजार ६ सय ७४, मकवानपुरमा एक हजार आउ सय १०, भक्तपुरमा सात सय १३, चितवनमा ४ सय २९ र धादिङमा तीन सय ९९ जना डेङ्गुको बिरामी फेला परेको स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

विश्वविद्यालय अनुदान आयोग (UGC) बाट अन्तर्राष्ट्रिय गुणस्तर प्राप्त

**मकवानपुर बहुमुखी क्याम्पसमा**

**स्नातक तहमा भर्ना खुल्यो**

बीबीएसमा लेखाशास्त्र, अर्थशास्त्र र बजारशास्त्र ।



बीएमा नेपाली अंग्रेजी, समाजशास्त्र, ग्रामीण विकास र पत्रकारिता ।
बीएडतर्फ नेपाली, अंग्रेजी, जनसंख्या, स्वास्थ्य, गणित र विज्ञान शिक्षा ।
बीएस्सीतर्फ भौतिकशास्त्र र जीवविज्ञान

भर्ना फारम वितरण भइरहेको छ । यथाशिघ्र फारम भरी भर्ना गर्नुहुन विद्यार्थी वर्गमा अनुरोध गरिन्छ ।

**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०

## राष्ट्रपतिको राजीनामा माग

काठमाडौँ- बृहत् नागरिक आन्दोलनले राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको सर्वोच्चता कायम राख्न नसकेको आरोप लगाएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले पदबाट राजीनामा दिनुपर्ने बृहत् नागरिक आन्दोलनको ठहर छ ।

नभए उनलाई पदमुक्त गर्न महाभियोग लगाउनुपर्ने माग गरिएको छ । 'राजाको सिको गर्न र कथित संवैधानिक राजतन्त्रको झल्को आउने गरी जनताको मतद्वारा निर्वाचित सार्वभौम संस्थाले गरेका निर्णय उल्ट्याउन गणतान्त्रिक व्यवस्थाले राष्ट्रपतिको गरिमामय पद सिर्जना गरेको होइन,' नागरिक आन्दोलनले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

'संविधान र व्यवस्थाको मर्मविपरीत राष्ट्रपतिले संवैधानिक सीमा नाघेको यो पहिलोपटक होइन । कुत्सित उद्देश्यसहित बारम्बार संविधान एवम् लोकतान्त्रिक व्यवस्थाको मूल्यमान्यता धूलिसात बनाउने भण्डारी राष्ट्र प्रमुख जस्तो गरिमायुक्त पदमा बसिराख्नु सो पदको ओज घटाउनु हो,' विज्ञप्तिमा लेखिएको छ ।

## चोरीको मोटरसाईकलसहित एक जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ मकवानपुर प्रहरीले चोरी भएको मोटरसाईकल सहित एक जनालाई पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय चित्लाङबाट खटिएको प्रहरी टोलीले मंगलबार राती चोरी भएको मोटर साईकल सहित एक जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा ओखलढुङ्गा जिल्ला लिखु गाउँपालिका ९ बस्ने २७ वर्षीय प्रकाश परियार रहेको जिल्ला प्रहरी कार्यलय मकवानपुरले जनाएको छ ।

प्रहरीको अनुसार थानकोट-चित्लाङ सडक खण्डमा सवारी साधनहरु रोकी चेकजाँचको क्रममा काठमाडौंबाट चित्लाङ तर्फसंगै आउदै गरेको बा ९८ प ७७८० नम्बरको एफजेट-एसभिटु मोटरसाईकल र बा.प्र. ०२-०२३ प १९३८ नम्बरको पल्सर १५० सिसिको मोटरसाईकललाई रोकि चेकजाँच गर्ने क्रममा पल्सर मोटरसाईकल चालक माटरसाईकल छाडी भागी फरार भएका थिए ।

फरार भएकाले शंका लागी एफजेट-एसभिटु मोटरसाईकल चालक परियारसंग मोटरसाईकलको कागजपत्र माग्दा नभएको भनि बताए पश्चात थप अनुसन्धान गर्ने क्रममा उक्त दुबै मोटरसाईकल चोरीको भन्ने पत्ता लागेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरिक्षक प्रहरी प्रवक्त टेक बहादुर कार्कीले जानकारी दिए ।

उक्त दुबै मोटरसाईकल भदौ २३ गते राती काठमाडौं जिल्ला दक्षिणकाली नगरपालिका-३ बाट चोरी भएको भनि प्रहरी वृत्त बालाजु र ईलाका प्रहरी कार्यालय फर्पिङ काठमाडौंबाट परिपत्र समेत प्राप्त भएकाले बरामद मोटरसाईकलहरु र पक्राउ परेका प्रकाश परियारलाई थप अनुसन्धान तथा कारवाहीका लागी तालुक जिल्ला प्रहरी परिसर काठमाडौं पठाईएको उनले बताए ।

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस Jumbo Moters Pvt.Ltd कम्पनीले China बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | इकाई | अधिकतम खुद्रा इकाई मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | Electric Scooter | 3200 watt | Jumbo | Cappucino2 | 72volt | China | 1 PCS | 2,82,868.00 | |
| २. | Electric Scooter | 2100 watt | Jumbo | Bravo2 | 72 volt | China | 1 PCS | 2,58,224.00 | |

बिक्रता फर्मको नाम : Jumbo Moters Pvt.Ltd
ठेगाना : Hetauda-16, Makawanpur
PAN.No:- 609821802
Mobile.No:- 9855068577

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बालविवाह रोक्नु सबैको दायित्व

विवाह गर्ने वा नगर्ने भन्ने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानवअधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ । यसका लागि प्राय: सबै मुलुकहरूले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मुलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० वर्ष तोकिएको छ । नेपालको संवैधानिक इतिहासमा हालैमात्र जारी भएको नेपालको संविधानले बालविवाहलाई पहिलोपटक बालअधिकार हनन्को विषयको रूपमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ । बालविवाह उच्च रहेको मुलुकहरूमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ ।

दक्षिण एशियामा बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मकरूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनबाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवम् सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन् । बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट वञ्चितमात्र गराउँदैन आफ्नो भविष्यको छनौट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि वञ्चित हुन्छन् । विशेष गरी बालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटामात्रै अधिकारको उल्लङ्घन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घनको श्रृङ्खला सिर्जना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ ।

बालबिवाहको कारण वैवाहिक जीवन दीगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिलाहरू थप पीडित हुन पुग्दछन् । कालान्तरमा समाज विकास प्रक्रियामा महिलाहरूको भूमिका र सहभागितालाई न्यून बनाई सभ्य, सु-संस्कृत एवम् समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक तत्व बन्न पुग्दछ । त्यसैले बालविवाहमुक्त समाज बनाउन सबै एकजुट भएर लाग्नुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असोज ०७ गते शुक्रबार २३ सेप्टेम्बर २०२२ । आश्विन कृष्णपक्ष त्रयोदशी । ञलगा ११४२ ने.सं. । सूर्योदय ५:५३, सूर्यास्त ५:५८ । त्रयोदशी श्राद्ध/कलियुगादि ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ | **तुला** | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ |
| **वृष** | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ | **वृश्चिक** | : काममा परिवारको सहयोग मिल्नेछ |
| **मिथुन** | : व्यावसायिक यात्राको सम्भावना छ | **धनु** | : व्यवसायमा सामान्य फाइदा हुनेछ |
| **कर्कट** | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ | **मकर** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| **सिंह** | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ | **कुम्भ** | : मौकाको फाइदा लिन सकिनेछ |
| **कन्या** | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | **मीन** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |

# अलमलमा नागरिकता विधेयक






**दयाराम पण्डित**

संसद्का दुवै सदनबाट पारित नागरिकता विधेयक-२०७९ यति बेला अलमलमा परेको छ । संविधानत: राष्ट्रपतिसमक्ष दोस्रोपटक पेस गरिएको नागरिकता विधेयक बुधबार १५ दिन पुग्दै छ । १५ दिन गुजारेपछि यो नागरिकता विधेयकको असर र औचित्यता के होला ? सर्वत्र जिज्ञासाको विषय बनेको छ ।

देश र नागरिकबीच नागरिक सम्बन्ध स्थापित गराउने नागरिक परिचयपत्र अलमलमा पार्नु यो वा त्यो कोणबाट ठीक होइन । अझ प्रतिनिधिसभा गत शनिबार रातिबाट स्वत: निष्क्रिय भैसकेको छ । सार्वभौम सत्ता सम्पन्न नागरिक थलो संसद् निष्क्रिय भएपछि नागरिकता विधेयक पनि के हुने हो ? थप अन्योलता बढ्दै गएको छ । म यो देशको नागरिक हुँ भनी परिचय दिने एकमात्र सबुद प्रमाण नागरिकता हो ।

२००९ सालदेखि नागरिकतासम्बन्धी बनेको कानुनले अझै मूर्तरुप लिन सकेको छैन । पहिले अध्यादेशबाट नागरिकता विधेयक ल्याएका नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले गत साता जनकपुरमा २ सय ५० किलोको मालासहित पदार्पण गरिरहँदा त्यहाँका युवाले कालो झन्डा देखाउने प्रयास गरे । पहिले सत्तामा रहँदा उनै ओलीले २०७८ जेठ ८ गते छँदाखाँदाको संसद् विघटन गरी जेठ ९ गते अध्यादेशमार्फत राष्ट्रपतिद्वारा नागरिकता विधेयक ल्याउन लगाए । सत्तालिप्साका लागि मधेसवादी दललाई रिझाउन र मधेसका मतलाई भोट बैंकका रुपमा तत्कालीन ओली सरकार प्रयोग गर्न चाहन्थ्यो । उनको त्यो सपना पूरा भएन ।

चर्को जनदबाबका कारण उक्त नागरिकताजस्तो संवेदनशील विधेयक अध्यादेशमार्फत ल्याउन देशको हितानुकूल नहुँदा चौतर्फी विरोध भयो । तत्पश्चात् ओली सरकारले नागरिकसामु घुँडा टेक्नुपर्‍यो । तिनै ओली सत्ताच्यूत भएपछि अहिले संसद्का दुवै सदनबाट पारित उही नागरिकता विधेयकको विरोध गर्दै हिँडेका छन् । विधि-प्रक्रिया जे सुकै होस्, कम्युनिस्टहरुलाई आफू अनुकूल परिणाम आए पुग्छ भन्ने मान्यता यस घटनाबाट ओलीले सकलीरुपमा देखाए । नेपालका निम्नवर्गमाथि नेताहरुले सदियौंदेखि उनीहरुलाई भोट बैंकका रुपमा प्रयोग गरी हरेक अवसरबाट भने वञ्चित गराएका छन् । विगतदेखि सत्तामा जानकै लागि जे पनि गर्ने, सत्ताबाहिर आएपछि पनि जे मन लाग्यो त्यो गर्ने, लोकतान्त्रिक शासन पद्धति अवलम्बन गरेका कुनै मुलुकमा यस्तो छुट छैन ।

आज तराई मधेसका अधिकांश युवायुवतीले नागरिकता नपाएर आन्दोलित हुनपर्ने अवस्था आएको छ । बालबालिका स्कुल भर्ना हुन वञ्चित छन् । सुलभ स्वास्थ्य सुविधाबाट वञ्चित छन् । व्यापार व्यवसायबाट वञ्चित छन् । सरकारी अनेकौं अवसरबाट वञ्चित छन् । जनकपुरमा सिम्बोलिक विरोध गर्ने जवानले न त रोजगारी देऊ भने, न राज्यबाट पाउने अन्य कुनै सुविधा तत्काल देऊ भनेका छन् । उनीहरुको आक्रोश त केवल एकथान नागरिकता सहजरुपमा पाउनुपर्छ भन्ने हो । विशेष गरी अहिले मधेसमा हजारौं युवायुवती नागरिकताविहीन छन् । यता नागरिकताजस्तो महत्वपूर्ण दस्तावेज जहिले पनि सत्तास्वार्थका लागि प्रयोग भएको देखिन्छ ।

नेपाल सरकारको सन्दर्भमा कानुनीरुपमा भन्ने हो भने, 'राज्यसँग नागरिकको कानुनी सम्बन्ध स्थापित गरी अधिकारको रक्षा गर्ने दस्तावेज नागरिकता हो । यो राज्य र नागरिकबीचको सम्बन्ध सेतुको रुपमा रहेको हुन्छ । नागरिकता राजनीतिक समुदायको सदस्यता हो । नागरिक वैयक्तिक पहिचान हो भने नागरिकता राज्य र व्यक्तिको सम्बन्ध सूचकको अवस्था हो ।' यसरी देशको गृह मन्त्रालयले परिभाषित गरेको छ ।

नागरिकता विधेयकको मामलामा राष्ट्रपति विद्यादेवी भण्डारी पनि पानीमुनिको ओभानो हुनुहुन्न । जबसम्म नागरिक अनागरिक भएर बाँच्छ उसले राज्यद्वारा प्रदत्त कुनै पनि हक-अधिकारको प्रयोग गर्न पाउँदैन । यसरी नागरिकलाई अनागरिकको दर्जामा राख्नु लोकतान्त्रिक शासन पद्धतिको बर्खिलाप हो । नागरिकता पाउनु हरेक नागरिकको अधिकार अनि राष्ट्रिय परिचय हो । जीवन बाँच्नसमेत नागरिकता अपरिहार्य छ ।

नागरिकताविनाको जीवन कति दुरुह हुन्छ, त्यो त भोग्नेलाई मात्र थाहा हुन्छ । शिक्षा, स्वास्थ्य, रोजगारलगायत राज्यले दिने हरेक सेवा-सुविधा उपभोग गर्न मात्रै होइन, आफू मरे-बाँचेको देखाउनसमेत नागरिकता अपरिहार्य छ । नागरिकता नभएको मान्छेलाई राज्यले चिन्दैन । राज्यले नचिन्दा उसले आफू बस्ने घर बनाउन सक्दैन, खाने गाँस, बस्ने बास र उब्जाउने जमिनको समेत जोहो गर्न सक्दैन । ऊ गाँस, बास र कपासजस्ता आधारभूत वस्तुबाटै वञ्चित हुन्छ । नागरिकताविहीनहरू सम्पत्तिविहीन हुन बाध्य हुन्छन् । निर्वाचनमा मतदान गर्नबाट वञ्चित छन् । बैंक खातालगायत निजी वा सरकारी कामकाज वा सेवा-सुविधाबाट वञ्चित छन् । देशभित्रै शरणार्थी जत्तिको हैसियतमा पनि हुँदैन उनीहरुमा ।

तराई मधेसको नागरिकता मामलामा जानकार रौतहटका अग्रज पत्रकार सञ्जय कार्कीका अनुसार रौतहटलगायतका तराईका जिल्लाहरुमा वंशजभन्दा पनि जन्मसिद्धको आधारमा प्राप्त गर्ने अंगीकृत नागरिकताको विषय नै गहन समस्या हो । विशेष गरी भारतबाट व्यापार व्यवसायको सिलसिलामा के-कति मानिस नेपाल पसे, उनीहरु नेपालमा के गरिरहेका छन् ? उनीहरुले नेपालमा बसोबास गरेको कुनै लगत नेपाल सरकार स्थानीय तहसँग नहुँदा यो समस्या निम्तिएको हो । प्रायजसो भारतीय नागरिकबाट नेपाली चेलीले नेपालमै बच्चा जन्माएका छन् ।

ती व्यक्तिलाई नै नागरिकता प्राप्तिको जड समस्या बनेको हो । यो संख्या सानो छैन । हचुवाका भरमा नागरिकता बाँड्यो भने विदेशी भरिने समस्या छ । नारिकता नदिँदा वास्तविकरुपमा नेपालमा बसोबास गरिरहेको मान्छेले पनि वञ्चित हुनुपरेको छ । आफ्नो भूगोलमा के-कति नागरिक कसरी कहिलेदेखि के गरी बसिरहेका छन् ? नेपाल सरकारले लगत अध्यावधिक गरेर नागरिकता वितरण गर्नुपर्ने पत्रकार कार्कीको ठम्याइ छ ।

गौर नगरपालिकाका प्रमुख शम्भु साहको भनाइ यस्तो छ, 'हामी नेपाल-भारतको बोर्डरमा बस्ने नागरिक हौं । कुन मान्छे कहाँको हो ? नेपाली हो कि होइन ? हामीलाई थाहा हुँदैन । दशौं वर्षदेखि नेपालमा व्यापार व्यवसाय गर्दै घरबार बनाएर बसेका मान्छेलाई नागरिकता नदिने ?' जहिले पनि तराईलाई उपेक्षित गर्ने र निम्नवर्गीय समुदायलाई राजनीतिक भोट बैंकका रुपमा प्रयोग गरेकामा उहाँको गुनासो छ ।

उहाँ भन्नुहुन्छ, 'यहाँका दलित मधेसीहरु राज्यबाट जहिल्यै उपेक्षित छन् । हामी जनप्रतिनिधि हौं, आफ्नो वडाबाट नागरिकता सिफारिस गर्दा नागरिक हुन योग्य र अयोग्य हामी छुट्याउन सक्छौं नि ! वडाध्यक्ष त्यत्तिकै टुलुटुलु हेरी बस्दैनन् । नागरिकता नपाउँदा गौर नगरपालिकाका थुप्रै बालबालिका विद्यालय जानबाट वञ्चित भएका छन् । इन्डियामा हातहातै नागरिकता दिइन्छ । भर्खरै बिहे गरेकी मेरै दुई बहिनीले नागरिकता लिइसके । हाम्रो नेपालमा २० वर्ष भैसक्यो, नागरिकता पाएका छैनन् । कतिपय नेपाली मूलका नागरिकले नेपालमा नागरिकता नपाउँदा भारत गएर नागरिकता लिनुपरेको छ । नागरिकता नपाएकै कारण एक नेपाली विदेशिँदा हाम्रो छाती पिरोलिँदैन ?' तसर्थ संसद्को दुवै सदनबाट पारित नागरिकता विधेयक २०७९ राष्ट्रपतिले प्रमाणीकरण गर्नुको विकल्प नरहेको तर्क नगरप्रमुख साहको छ ।

गोलबजार, सिरहाका नागरिक अगुवा ललित यादवको भनाइ छ, 'नागरिकताजस्तो चिज एक हातमा रोटी र एक हातमा तरकारी थमाएजस्तो हैन । बुहारी होस् वा अन्य कुनै होस्, कम्तीमा पाँचदेखि सात वर्षपछि मात्र नोपाली नागरिकता दिने प्रावधान राख्नुपर्छ । बुहारीलाई हातहातै नागरिकता दिन खोज्ने अनि सदियौंदेखि बस्दै आएका निमुखा जनताका छोराछोरीलाई विभिन्न बहानामा नागरिकताबाट वञ्चित गर्न पाइन्छ ? अझ जन्मसिद्धका आधारमा आमाको स्वघोषणापत्र चाहिने रे ! यो विभेदकारी नीतिलाई सरकारले सच्याउनुपर्छ ।' कुनै पनि नेपालीलाई नागरिकताबाट वञ्चित गर्न नहुने तर्क यादवको छ ।

गृह मन्त्रालयको तथ्यांक अनुसार जन्मसिद्धका आधारमा नागरिकता पाउनेको संख्या २ लाख ७१ हजार ३ सय ७६ रहेको छ । झापा, मोरङ, सुनसरीसहित मधेस प्रदेशका आठसहित गरी ११ जिल्लामा मात्र १ लाख ५४ हजार ६ सय ८९ छन् । हिमाल, पहाडमा भने १ लाख १६ हजार ६ सय ८७ छन् ।

तथ्यांकका आधारमा सबैभन्दा बढी जन्मसिद्ध नागरिकता मधेसकै रैथाने मूलवासीलाई भिराइएको देखिन्छ । यसमा केही आप्रवासी पनि छन् । यसरी सरकारले लापरबाही र हेपाहा तरिकाले आफ्नै देशको रैथाने मूलवासीमाथि खेलबाड गरेको देखिन्छ । यो त जन्मसिद्ध नागरिकताको समस्या मात्र हो । तर अंगीकृत, वंशज र दोहोरो नागरिकताको समस्या पनि उत्तिकै देखिन्छ । यसको समाधान राज्यले गर्न सकेको छैन ।

मुख्यत: यो देशका मधेसी दलित, मधेसी आदिवासी नागरिकताबाट वञ्चित हुनेमा अग्रपंक्तिमा छन् । यद्यपि, यिनै मधेसका मूलवासी हुन् । यिनै समुदायलाई देखाएर वर्षौंदेखि मधेसमा नागरिकताको राजनीति गर्दै आएको छ । जबकि नागरिकता राजनीति गर्ने विषय नै होइन । न त भोटबैंकका रूपमा दुरुपयोग गर्ने विषय नै हो । यो त विशुद्ध राष्ट्रियताको सवाल हो । तर, आज किन गलतरूपमा आफ्नै नागरिकमाथि नागरिकताको राजनीति हुँदै छ ?

'कुनै विधेयक प्रतिनिधिसभामा प्रस्तुत भई विचाराधीन अवस्थामा रहेको वा प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रिय सभामा विचाराधीन रहेको अवस्थामा प्रतिनिधिसभा विघटन भएमा वा त्यसको कार्यकाल सकिएमा त्यस्तो विधेयक निष्क्रिय हुनेछ', संविधानको धारा १११ उपधारा १० को प्रतिबन्धात्मक वाक्यांशमा भनिएको छ । यो वाक्यांशले प्रतिनिधिसभामा विचाराधीन रहेको वा प्रतिनिधिसभाबाट पास भएर राष्ट्रिय सभामा विचाराधीन रहेको विधेयकमात्र निष्क्रिय हुने व्यवस्था छ । तर संसद्का दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि दोस्रोपटक पेस भएको विधेयक राष्ट्रपतिले कुनै हालतमा रोक्न नहुने कुरा अधिवक्ता चन्द्रप्रकाश लुइँटेलले बताउनुभएको छ ।

राष्ट्रपति भण्डारीलाई नागरिकता विधेयक पारित गर्नुको कुनै विकल्प छैन । कि नागरिकता विधेयक पास गर्ने, कि राजीनामा दिने राष्ट्रपतिसमक्ष यी दुई विकल्प देखिन्छन् । 'राष्ट्रपतिकहाँबाट फिर्ताआएपछि पनि संसद्को दुवै सदनले फेरि पास गरेर प्रमाणीकरणको लागि पठाएको विधेयक निष्क्रिय हुन्न । १५ दिनभित्र राष्ट्रपतिले पास गर्नुको विकल्प छैन', अधिवक्ता लुइँटेलको तर्क छ ।

हो यति बेला बजारमा राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण नगरीकन ठीक गर्नुभयो, उहाँमा राष्ट्रवादी सोच छ भन्ने दुहाइ पनि सुनिए । १५ बुँदे सन्देशसहित विधेयकलाई प्रतिनिधिसभामा पठाइएका समाचार पनि पढियो र सुनियो पनि । देशको बारेमा गम्भीर निर्णय लिँदा एकमुठी माटो उठाउँदै छातीमा हात रखेर देश र जनताका लागि निर्णय लिनुपर्छ । नागरिकता विधेयक राजनीतिक चक्रव्युहमा झन् पेचिलो हुँदो रहेछ भन्ने यतिखेर स्पष्ट देखिएको छ । विगतमा केपी ओली नेतृत्वको मन्त्री परिषद्को निर्णयको मसी सुक्न नपाउँदै नागरिकता अध्यादेशमा सही धस्काउने अनि अहिले संसद्का दुवै सदनबाट दुई-दुईपटक पास गरी प्रमाणीकरणका लागि पठाएको विधेयकचाहिँ राष्ट्रहितमा छैन रे ! राष्ट्रपतिजस्तो गरिमामय पदमा रहनेले यस्ता कुरा गर्न मिल्दैन । यतिखेर नागरिकता विधेयक-२०७९ प्रमाणीकरण गरेर मुलकलाई निकास दिनु नै उपयुक्त हुने देखिन्छ । *-साभार: नेपाल समाचारपत्र*

# निर्वाचनमा महिला प्रतिनिधित्व



**इला शर्मा**

महिलाले प्रत्यक्षतर्फ चुनाव जित्न सक्दैनन् भन्ने भाष्य गलत हो । विश्वव्यापी अध्ययनहरूले प्रमाणित गरिसकेका छन्, जब-जब महिला चुनाव लड्न पाउँछन् र लड्छन्, उनीहरूको जित्ने सम्भावना बढी हुन्छ । हाम्रो देशमा प्रत्यक्षतर्फ महिला उम्मेदवारको संख्या अप्राकृतिक रूपमा अत्यन्त न्यून हुने अवस्था न्यायसंगत किन पनि छैन भने, मतदाता संख्यामा महिलाको प्रतिशत धेरै छ तर त्यस अनुपातमा प्रत्यक्षतर्फ महिलाको उम्मेदवार संख्या भने धेरै कम हुने गरेको छ ।

जब महिलाको उम्मेदवारीबारे कुरा चल्छ, दुइटा बाधा देखाइन्छन् । एक, क्षमता, अनुभव र जनाधार भएका महिला नै पाइँदैनन्, र अर्को, महिलाले खर्च गर्न सक्दैनन्, त्यसैले चुनाव लड्न सक्दैनन् । यदि कुरा निर्वाचन खर्चको हो भने, निर्वाचन आयोगले तोकेको सीमाभन्दा बढी खर्च गर्नु गैरकानुनी हो । कानुन तोड्ने अथवा अटेरी गर्ने अभ्यासलाई आधार मानेर गरिने निर्णय न सही हुन सक्छ न त न्यायोचित । रहयो कुरा क्षमतावान् महिला र अनुभवी महिलाको, दुई-दुइटा स्थानीय तह निर्वाचनपछि आज महिलाको राजनीतिक अनुभव र आकांक्षा धेरै बढिसकेको स्पष्ट भइसकेको छ । अघिल्लो र भर्खर सकिएको स्थानीय तह निर्वाचनले देखाइसकेका छन्- जब मतदाताले परिवर्तन चाहन्छन्, परिवर्तन हुन्छ, हेभिवेट उम्मेदवार भन्ने कुरा मिथ मात्र हो । यहीँ हेर्ने हो भने, २०४६ सालअघि धेरै पुरुष उम्मेदवारको पनि अनुभव थिएन । अनुभव अवसरले प्राप्त हुन्छ । निर्वाचन आयोगले निर्णय गरेर राजनीतिक दलहरूलाई प्रत्यक्षतर्फ कम से कम एकतिहाइ महिलाको उम्मेदवारी दिन निर्देशन दिएको छ जुन संविधानका धारा ३८(४), धारा ४२ र धारा ४७ को मर्म अनुसार छ एवं यो निर्देशन कानुनसरह लागू हुन्छ ।

हाम्रो संविधानले परिकल्पना गरेको मिश्रित प्रणालीको उद्देश्य महिला प्रत्यक्षतर्फ नलड्ने, समानुपातिकको बाटाबाट मात्र प्रतिनिधिसभामा प्रवेश गर्ने भन्ने कदापि होइन, प्रत्यक्षले समावेशिता हासिल गर्न नसक्ने देखिएको खण्डमा, समाजका अन्य वर्ग र समुदायको सन्तुलन पनि मिलाउनका लागि हो । हामीले नयाँ संविधान अनुसार निर्वाचित संघीय संसद्, प्रदेश सभा र स्थानीय सरकारको अनुभव गरेको एक निर्वाचन चक्र पूर्ण भइसकेको छ । अबको बहस मात्र सहभागिताको नभएर गुणात्मक, अर्थपूर्ण सहभागिता र क्षमतावान् प्रतिनिधित्वको हो । प्रत्यक्ष प्रणालीतर्फ निर्वाचित महिला प्रतिनिधि कम हुँदा के महिला उम्मेदवारले मतदाताको सामना गर्न नसकेका हुन् भन्ने प्रश्न पनि उठ्छ ।

स्थानीय तहदेखि प्रदेश, प्रदेशदेखि संघसम्म महिलाको राजनीतिक नेतृत्वको दिगो र प्रांगारिक विकास होस्, महिला र अन्य सीमान्तीकृत दलितजस्ता समुदायका राजनीतिकर्मीको संख्या स्थानीय र प्रदेशको तहमा एउटा क्रान्तिक 'व्यमानसम्म पुगोस्, सधैं आरक्षणको मुख ताक्ने अवस्थाको अन्त्य होस् अनि उम्मेदवार मनोनयन गर्दा खोइ त क्षमतावान् महिला भन्ने अवस्था नआओस् भनेरै राजनीतिक दलहरूले प्रमुख र उपप्रमुखमा ५० प्रतिशत उम्मेदवारी महिलाको दिनुपर्ने गरी आयोगले स्थानीय निर्वाचन ऐनको प्रारम्भिक मस्यौदा गरेको थियो । एकै चोटि जनसंख्याका आधारमा समानुपातिकता नपुगे पनि लक्ष्य भनेको त्यही समतामूलक समाजको निर्माण हो जसको कल्पना हाम्रो संविधानले गरेको छ ।

संविधानको यही मर्म आत्मसात् गरेर निर्वाचन आयोगले २०७० र फेरि २०७७ सालमा तर्जुमा गरेको लैंगिक एवं समावेशी नीतिको सोच संविधानसम्मत र जनसंख्यामा आधारित समानुपातिक समावेशिता हो । आयोगले जहिले पनि समावेशिताको कुरा गर्दा मतदाता र उम्मेदवार मात्र होइन, समस्त निर्वाचन व्यवस्थापनमा समेत महिला एवं अन्य सीमान्तीकृत समुदायको सहभागितालाई समेत हेर्छ । त्यसैले आयोगले म्यादी प्रहरीदेखि फिल्डमा, मतदानस्थलमा महिलाको उपस्थिति र सहभागिता समेतलाई समेट्छ । महिला मात्रले व्यवस्थापन गरेका मतदानस्थलहरू केवल कर्मकाण्ड होइनन्, महिलाका लागि आत्मविश्वासका सन्देश हुन् । ऐनमा नभएको तर निर्देशिकाद्वारा उम्मेदवार मनोनयनको धरौटीमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको भनेको प्रोत्साहन हो । आचारसंहितामा चुनाव प्रचार प्रसार गर्दा महिलाको चरित्रहत्या नगर्नु, नत्र हदैसम्मको कारबाही हुन्छ भनेको हाम्रो समाजको चरित्रलाई ध्यानमा राखी महिलालाई सुरक्षाको अनुभूति होस् भनेर गरिएको व्यवस्था हो ।

हामीले के बुझ्नुपर्छ भने, जसरी देशविदेशका विचारक र विश्वविद्यालयजस्ता संस्थाहरूका बुद्धिजीवीहरूका विचार सामाजिक आन्दोलन हुँदै अन्तर्राष्ट्रिय महासन्धिमा प्रतिविम्बित हुन्छन्, त्यसै गरी यी विचार संविधानमा, अनि त्यसै गरी संविधानको मर्म ऐनमा प्रतिविम्बित हुने हुन् । निर्वाचन आयोग दल दर्ता र खारेज गर्ने, दलहरूको विवाद मिलाउने, उम्मेदवारको योग्यताको विवाद फैसला गर्ने एक अर्धन्यायिक निकाय मात्र होइन । आयोग निर्वाचन व्यवस्थापन गर्ने प्रशासनिक निकाय मात्र होइन । आयोग निर्वाचन शिक्षा दिने, मतदाता नामावली संकलन गर्ने कुनै सरकारी विभाग मात्र पनि होइन ।

यो संस्था मुलुकको आवधिक निर्वाचन सफलतापूर्वक गराउने, सुपरिवेक्षण र अनुगमन गर्ने, सकेसम्म निर्वाचनको कानुनी संरचना, तिनको कार्यान्वयन, निर्वाचनको गुणवत्ता, लोकतान्त्रिक मूल्यमान्यताको स्थापना गराउनका लागि दलहरूभित्रको आन्तरिक लोकतन्त्र र समावेशिता सुनिश्चित गराउने एवं निर्वाचनको समस्त जिम्मेवारी वहन गर्ने निकाय हो । सरकारको जिम्मेवारी स्रोत, साधन, सुरक्षा उपलब्ध गराई आयोगलाई यो जिम्मेवारी वहन गर्न सघाउने हो । संवैधानिक आयोगको निष्ठा भनेको संविधानप्रति हो, सार्वभौम नेपाली जनताप्रति हो, सरकार र दलहरूप्रति हुँदै होइन ।

सायद नयाँ लोकतन्त्र भएकाले, शासक वर्गप्रति अविश्वास भएकाले हामीले सोच्न सकेजति सबै कुरा लेखी निर्वाचन सम्बन्धी नौवटा ऐन बनाएका छौं जबकि दक्षिण एसियाकै मुलुक र हाम्रो छिमेकी भारतमा पनि जम्मा तीनवटा ऐनले निर्वाचनहरू सफलतापूर्वक सम्पन्न गराउने गरिएको उदाहरण छ । हामीले चाहिँ कतिपय अवस्थामा ऐनमा नराखे हुने प्रावधान पनि राखेका छौं, किनभने काला-सेता अक्षरमा लेखेको दफासमेत पालना नगर्ने हाम्रो बानी छ । भारतजस्तो ठूलो मुलुकको निर्वाचन त्यहाँको आयोगले निर्देश र आदेशहरूका भरमा सम्पन्न गराउँछ ।

हाम्रो देशका केही राम्रा अभ्यासमध्ये एउटा के छ भने, निर्वाचन सम्बन्धी सबै ऐनको प्रारम्भिक मस्यौदा आयोगबाट सुरु हुन्छ, किनकि निर्वाचनमा सुधारका कुरा आयोगले जति अन्यले बुझ्न सक्दैनन् । *- साभार: इकान्तिपुर*

# भ्रष्टाचार मुद्दामा घट्यो अख्तियारको सफलता दर

काठमाडौं/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गत आर्थिक वर्षको कार्यसम्पादन पछिल्लो १५ वर्षयताकै सबैभन्दा फितलो देखिएको छ । आयोगले विशेष अदालतमा पेश गरेका मुद्दामध्ये गत आर्थिक वर्षमा ३८.५१ प्रतिशत मुद्दामा मात्रै सफलता पाएको छ ।

आयोगले विहीबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको ३२ औं वार्षिक प्रतिवेदनमा समावेश भएको तथ्यांक अनुसार १५ वर्षमा विशेष अदालतमा दायर भएका भ्रष्टाचार मुद्दामध्ये सबैभन्दा कम सफलता पाएको गत आर्थिक वर्ष २०७८/०७९ मै हो ।

अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीले गत वर्ष सर्वोच्च अदालतको संवैधानिक इजलासबाट भएको फैसलाका कारण रंगेहात घुसका मुद्दामा आरोपितहरुले सफाइ पाइरहेको र त्यसले सफलता दर कम देखिएको स्वीकारे । 'सर्वोच्च अदालतले आयोगबाट उजुरीकर्तालाई उपलब्ध भएको रकमलाई प्रमाणका रुपमा लिन नसकिने फैसला गर्‍यो, त्यसअघि आयोगबाट ठूलो संख्यामा रंगेहात घुसको मुद्दा विधेयक अदालतमा पेश भएका थिए' उनले भने, 'सर्वोच्च अदालतको व्याख्यात्मक निर्देशन अनुसार ती मुद्दामा आरोपितहरुले सफाइ पाएका कारण आयोगको सफलताको दर घटेको हो ।

सर्वोच्च अदालतले ८ वैशाख २०७८ मा अख्तियार आफैंले नगद प्रदान गरेर घुस माग्नेलाई र ंगेहात पक्राउ गर्न र भ्रष्टाचार मुद्दा चलाउन नपाउने फैसला गरेको थियो । सर्वोच्च अदालतले संविधान र ऐनसँग बाझिएको भन्दै आफैंले नगद प्रदान गरेर सार्वजनिक पदमा रहेका व्यक्तिलाई रंगेहात पक्राउ गर्न पाउने अख्तियारको नियम खारेज गरेको हो । फैसलाका बेलामा विशेष र सर्वोच्च अदालतमा रंगेहात घुसका ५ सय भन्दा बढी मुद्दा विचाराधीन थिए । तीमध्ये अधिकांशले सफाइ पाएका छन् । २०७० सालमा लोकमान सिंह कार्की अख्तियारको प्रमुख आयुक्त भएपछि सरकारी कर्मचारीहरुलाई रंगेहात पक्राउ गर्ने र भ्रष्टाचारको मुद्दा दायर गर्ने परिपाटीले तिब्रता पाएको थियो । उनीपछिका प्रमुख आयुक्तहरुले समेत अरु मुद्दामा मेहनत गर्नुको साटो रंगेहात मुद्दालाई प्राथमिकतामा राखेका थिए ।

प्रमाणको सहजता र न्यायनिरुपणका लागि धेरै मेहनत गर्न नपर्ने भएकाले यस्ता मुद्दामा भ्रष्टाचार ठहर सहित धमाधम फैसला हुन थाले । केही वर्षयता अख्तियारले ७० प्रतिशतभन्दा बढी सफलता देखाउनुको कारण रंगेहातका यस्तै मुद्दा थिए । २०७० को दशक सुरु हुनुभन्दा अघिसम्म नक्कली प्रमाणपत्रका मुद्दाहरु अख्तियारलाई संख्या र सफलताको प्रतिशत देखाउने माध्यम बनेका थिए । तर पछिल्लो समय शिक्षाको अवसर लगायतका कारणले पदोन्नती र नियुक्तिमा नक्कली प्रमाणपत्र पेश गर्ने क्रम घट्दो छ । आर्थिक वर्ष २०७१/७२ मा अख्तियारले नक्कली प्रमाणपत्रमा ९६ वटा मुद्दा दर्ता गरेको थियो । गतवर्ष त नक्कली प्रमाणपत्रका ६ वटा मुद्दामात्रै दर्ता भए ।

लोकमान सिंह कार्कीको बहिर्गमनपछि अख्तियारका दुई प्रमुखहरु दीप बस्न्यात र नविनकुमार घिमिरेले मुद्दाको संख्या देखाउन रंगेहातका मुद्दालाई प्राथमिकता र तिब्रता दिए । त्यस्ता अधिकांश मुद्दामा भ्रष्टचार ठहर हुँदा २०७५/७६ पछिका तीन वर्ष अख्तियारले मुद्दामा निकै सफलता पाएको थियो । २०७५/७६ मा त ८८ प्रतिशत सफलता पाएको थियो । विशेष अदालतबाट हुने फैसलाका मुद्दालाई मात्रै आधार बनाएर आफ्नो सफलताको प्रतिशत मापन गर्ने अख्तियारले ती मुद्दा सर्वोच्च अदालत गएपछिको अवस्था हेर्दैन । अर्कोतर्फ ६/७ जना आरोपित भएको मुद्दामा एकजना मात्रै भ्रष्टाचारी ठहर भएपछि अख्तियारले मुद्दा सफल भएको भनी गणना गर्छ ।

विस्तृत अनुसन्धानबाट आयोगले टुंग्याएका फाइलमध्ये करिब १५ प्रतिशतमा मात्रै मुद्दा दायर हुन्छ । गतवर्ष ९१४ वटा फाइल टुंगिएकोमा १३० वटा मुद्दा दायर भए । ६३७ वटा फाइलहरु तामेलीमा गए ।

फाइल तामेलीमा जानु भनेको प्रमाणको अभावमा भ्रष्टाचार मुद्दा दायर हुन नसक्नु हो । अख्तियारले करिब १०० वटा फाइलमा सुझाव दिने र सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरेको छ ।

# काउन्सिलको पुरस्कार वितरणप्रति प्रेस सेन्टरको असन्तुष्टि



काठमाडौं/ प्रेस सेन्टर नेपालले प्रेस काउन्सिल नेपालले आयोजना गरेको पुरस्कार वितरणप्रति असन्तुष्टि जनाएको छ । काउन्सिलले मापदण्ड मिचेर पुरस्कार वितरण लगायतका गतिविधि गरेकोमा आपत्ति प्रकट गर्दै प्रेस सेन्टर नेपालले उक्त कार्यक्रममा सहभागी नहुन आग्रह समेत गरेको छ ।

संगठनका महासचिव सन्तोष पौडेलले एक विज्ञप्ति जारी गर्दै सक्षम, क्रियाशील र योग्य पत्रकारहरुलाई पुरस्कृत गर्नुको साटो राजनीतिक आग्रह र निकटताका आधारमा पुरस्कारको वितरण गरेर काउन्सिलले आफ्नो विश्वसनीयता गुमाएको उल्लेख गरेका छन् ।












## जनहितमा जारी सूचना

१) सहभागितामूलक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान ।
२) जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवारी बनौं ।
३) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद बसाइसराई) सम्बन्धी वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं ।
४) आफ्नो वरिपरी गाउँ/टोल वा अन्य निकायबाट भएको विकास निर्माण सम्पन्न गर्ने कार्यको निगरानी गरौं ।
(५) आफ्नो घर वरपर बोट बिरुवा रोपी हरियाली बनाऔं । निर्धारितमापदण्ड भए नभएको अनुगमन गरी मापदण्ड विपरित भएकोपाइएमा समयमै सम्बन्धित निकायमा खबर गरौं ।
६) बालश्रम, बल शोषण, बाल विवाह रोकौं ।

हेरमान गोपाली (अध्यक्ष)
१ नम्बर वडा कार्यालय,
**थाहा नगरपालिका**


## जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त नगरबासीमा अनुरोध गर्दछौं ।

राजकुमार बलामी (अध्यक्ष)
९ नम्बर वडा कार्यालय,
**थाहा नगरपालिका**

तपाई हामी सबैको कुरा साझाकुरा
साझाकुरा
www.sajhakuranews.com मा पनि हेर्न सकिन्छ ।

## जनहितमा जारी सूचना




हिरेन्द्रकुमार रायमाझि (अध्यक्ष)
३ नम्बर वडा कार्यालय,
**थाहा नगरपालिका**

## जनहितमा जारी सूचना

हामीले तिरेको कर हाम्रै पालिकाको विकासको लागि हो त्यसैले अनिवार्य मालपोत शुल्क, सिफारिस दस्तुर लगायतका अन्य शुल्क अनिवार्य आफ्नो वडा कार्यालयमा गएर तिर्ने गरौं । याद गर्नुस शुल्क तिरेपछि रसिद लिन नभुल्नुहोस् ।

सुवास थापा मगर (अध्यक्ष)
१ नम्बर वडा कार्यालय,
**इन्द्रसरोबर गाउँपालिका**

## जनहितमा जारी सूचना

सहभागीतामुलक, समानुपातिक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ तथा निष्पक्ष, सुशासन युक्त कार्य शैली हाम्रो अभियान । जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, अशक्त नागरिकप्रति जिम्मेवार बनौं । व्यक्तिगत घटना (जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्धविच्छेद, बसाई सराई) सम्बन्धी वडा कार्यालयमा ३५ दिन भित्र दर्ता गरौं ।

दुतराज तितुङ (अध्यक्ष)
५ नम्बर वडा कार्यालय,
**इन्द्रसरोबर गाउँपालिका**

## जनहितमा जारी सूचना

सहभागीतामुलक, समानुपातिक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ तथा निष्पक्ष, सुशासन युक्त कार्य शैली हाम्रो अभियान । जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, अशक्त नागरिकप्रति जिम्मेवार बनौं । व्यक्तिगत घटना (जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्धविच्छेद, बसाई सराई) सम्बन्धी वडा कार्यालयमा ३५ दिन भित्र दर्ता गरौं ।

हिराबहादुर गमाल (अध्यक्ष)
१० नम्बर वडा कार्यालय,
**थाहा नगरपालिका**

## जनहितमा जारी सूचना

बाल विवाह एक सामाजिक अपराध हो । बाल विवाहका कारण समाजमा घट्ने घटना न्यूनीकरणका लागि बाल विवाह अन्त्य गर्न सबै लागौं । बाल विवाह गर्नेलाई सामाजिक रुपमा बहिस्कार गरौं सभ्य समाजको निर्माण गरौं ।

सुमन श्रेष्ठ (अध्यक्ष)
२ नम्बर वडा कार्यालय,
**इन्द्रसरोबर गाउँपालिका**

# एमाले मकवानपुरले गठन गर्यो निर्वाचन परिचालन कमिटी



साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज / नेकपा एमाले मकवानपुरले प्रदेश तथा प्रतिनीधिसभा निर्वाचनका लागि निर्वाचन परिचालन कमिटी गठन गरेको छ ।

एमालेले संविधान सभा सदस्य अनन्त पौडेलको संयोजकत्वमा ७ सय ५१ सदस्यीय जिल्ला निर्वाचन परिचालन कमिटी गठन गरेको हो ।

बुधबार एमालेले निर्वाचन परिचालन कमिटी गठनसँगै निर्वाचन कार्यालयको पनि उद्घाटन गरेको छ । नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठले जिल्ला निर्वाचन परिचालन कमिटीसँगै संघीय तथा प्रदेश निर्वाचन क्षेत्रस्तरीय निर्वाचन कमिटी, पालिका, वडा र बुथ स्तरीय निर्वाचन परिचालन कमिटी गठन गरिने जानकारी दिए । जिल्ला निर्वाचन परिचालन कमिटीको सहसंयोजकमा एकालाल श्रेष्ठ र सचिवमा नवीन सिग्देल रहेका छन् ।

यस्तै प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर १ को संयोजकमा रामचन्द्र राई, सचिवमा अनिलकुमार बानियाँ, क्षेत्र नम्बर २ को संयोजकमा सुवासचन्द्र ठकुरी, सचिवमा मेम्बर लोलाई जिम्मेवारी दिइएको छ । प्रदेश सभा १ को 'क' को संयोजकमा दिलबहादुर घिसिङ, सचिवमा कृष्णप्रसाद चौलागाई, १ को 'ख' को संयोजकमा रघुनाथ खुलाल र सचिवमा ईन्द्रप्रसाद नेपाल, प्रदेश सभा २ को 'क'को संयोजकमा बलराम बल, सचिवमा पार्वती राना, २ को 'ख' को संयोजकमा एकराज उप्रेती र सचिवमा नरेन्द्र लाल रिजाललाई जिम्मेवारी दिइएको छ ।

पार्टीको पालिकास्तरीय कमिटीले नै पालिकास्तरीय निर्वाचन परिचालन कमिटी गठन गर्ने बताइएको छ । निर्वाचनको प्रचार प्रसारका लागि पार्टी कार्यालयमै प्रतिनिधिसभा १ र २ को कार्यालय रहने अध्यक्ष श्रेष्ठको भनाई छ । निर्वाचन परिचालन कमिटीले घोषणापत्रको तयारी गरी नेकपा एमालेको औचित्यका बारेमा मतदातासम्म सन्देश पुर्‍याउने बताइएको छ ।

# दुर्घटनामा परी मृत्यु भएका व्यवसायीको परिवारलाई बीमा रकम हस्तान्तरण




साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ मकवानपुर उद्योग वाणिज्य संघले दुर्घटनामा परि मृत्यु भएका व्यवसायीको परिवारलाई बीमा रकम हस्तान्तरण गरेको छ ।

बुधबार मउवासंघमा आवद्ध मनहरीका व्यवसायी नानी बहादुर थिङ्गको सडक दुर्घटानामा परि गत महिना मृत्यु भएकोले दुर्घटना बीमा बापतको रकम उनको परिवारलाई हस्तान्तरण गरेको हो ।

मउवासंघ पश्चिम क्षेत्र समिति, मनहरीका सभापति नारायण सुवेदीको अध्यक्षता तथा मउवासंघका अध्यक्ष कृष्ण कुमार गुप्ताको प्रमुख आतिथ्यतामा एक कार्यक्रम आयोजना गरी बीमा रकम हस्तान्तरण गरिएको थियो । मनहरीका व्यवसायी, सोनी कस्मेटिक ईन्टरप्राइजेजका प्रोपाईटर थिङ्गको गत श्रावण १२ गते कारको ठक्करबाट घाइते भई उपचारको क्रममा श्रावण १३ गते चितवन मेडिकल कलेजमा मृत्यु भएको थियो । संघले आफ्ना सदस्यहरुको प्रति सदस्य ५ लाखको दुर्घटना मृत्यु बीमा गरेको थियो ।

त्यसैबाट बिमा रकम हस्तान्तरण गरेको जनाइएको छ । नेपाल सरकारको बीमा नीतिको कारण सयौं प्रतिशतले प्रिमियम बढेकोले अब सदस्यहरुको दुर्घटनाबाट मृत्यु भएमा संघको हितकोषबाट परिवारलाई २ लाख मात्र दिने प्रवन्ध गरिएको संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले जानकारी दिए ।

कार्यक्रममा मउवासंघका कोषाध्यक्ष सन्तोष कुमार अर्याल, मउवासंघ पश्चिम क्षेत्र समितिका वरिष्ठ उपसभापति गणेश मानन्धर लगायत पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रहेको थियो ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र

भरतपुर, चितवन

## सूचीकृत हुनको लागि सूचना

सूचना नं.: २-२०७९/८०
प्रथम पटक प्रकाशित मितिः २०७९/०६/०६

यस कृषि ज्ञान केन्द्र चितवनको आर्थिक बर्ष ०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रमअनुसार न्यूनतम समर्थन मूल्य कार्यान्वयन कार्यक्रम सञ्चालन गर्न इच्छुक उत्पादक तथा खरिदकर्ताहरुलाई तपसिल बमोजिम कागजातसहित सूचीकृत हुनको लागि यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०७९/०७/०४) सम्ममा कृषि ज्ञान केन्द्र चितवनमा आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगि प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरासमेत जानकारी गराइन्छ ।

**तपसिल:**

(१) रु १०/- को हुलाक टिकट टाँस गरेको आवेदन,
(२) निवदेकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्था (कृषक/कृषक समूह/कृषि सहकारि/निजी कृषि फाम) को हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपात्र,
(३) संस्था (कृषक/कृषक समूह/कृषि सहकारी/निजी कृषि फर्म हकमा स्थायी लेखा नम्बर(PAN), करचुक्ता र दर्ता,
(४) संस्थाको हकमा लेखा परिक्षणको प्रमाणित प्रतिलिपी,
(५) संस्थाको बैठकको निणर्यको प्रतिलिपी (समूह/सहकारीको हकमा),
(६) अनसुची -२ अनुसारको आवेदन (उत्पादकको हकमा),
(७) अनसुची-३ अनुसारको आवेदन (खरिदकर्ताको हकमा),
(८) स्थानीय तहको कृषि शाखा वा सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र ।

**नोटः** 'कृषि उपज' भन्नाले धान, मकै, गहु आलु र तरकारी बालीहरु सम्झनुपर्दछ । आवेदन दिने इच्छुक उत्पादकले कम्तिमा पनि १० कठ्ठा क्षेत्रफलमा तोकिएको बाली लगाएको हुनुपर्दछ । खरिदकर्ताहरुको हकमा प्रदेश भित्र र बाहिरका खरिदकर्तालेसमेत सूचिकृत हुनको लागि आवेदन दिन सक्ने छन् ।

कार्यक्रम सम्बन्धी थप जानकारीको लागि यस केन्द्रको फोन नं ०५६४९११५ वा ९८५५०९२२५५ मा सम्पर्क गर्न सकिनेछ । साथै न्यूनतम समर्थन मूल्य कार्यान्वयन कार्यविधि २०७९ कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेबसाइट https://molmac.bagamati.gov.np बाट डाउनलोड गरी हेर्न सकिने छ ।

## जनहितमा जारी सूचना

१) सहभागितामूलक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान ।
२) जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मोवारी बनौ ।
३) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद बसाइसराई) सम्बन्धी वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौ ।
४) आफ्नो वरिपरी गाउँ/टोल वा अन्य निकायबाट भएको विकास निर्माण सम्पन्न गर्ने कार्यको निगरानी गरौं ।
(५) आफ्नो घर वरपर बोट बिरुवा रोपी हरियाली बनाऔं । निर्धारितमापदण्ड भए नभएको अनुगमन गरी मापदण्ड विपरित भएकोपाइएमा समयमै सम्बन्धित निकायमा खबर गरौं ।
६) बालश्रम, बल शोषण, बाल विवाह रोकौं ।

ढलक बहादुर थापा (अध्यक्ष)
३ नम्बर वडा कार्यालय,
**हेटौंडा उपमहानगरपालिका**

## पसल बिक्रीमा

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

**फोन नं.: ९८४५४८७२३२**




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८०२९००३१६, ९८०२६३१६६४

हेटौंडा उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

सार्वजनिक निजी साझेदारी अवधारणाअनुसार उपमहानगरपालिकाको

## एकीकृत फोहरमैला ब्यवस्थापन तथा सेवा शुल्क संकलन सम्बन्धी बोलपत्र आव्हानको सूचना

ठेक्का नं.: HMUN/ENV/०१/२०७९/८०
(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०६/०६)

फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम सार्वजनिक निजी साझेदारी अवधारणाअनुसार हेटौडा उपमहानगरपालिकाको वडा नं. १ देखि १९ सम्मका घरदैलो, पसल, कार्यालय बाट निस्कने फोहर, सडक सफाइ र सार्वजनिक स्थलका सफाइबाट निस्कने फोहरको संकलन, ढुवानी, प्रशोधन र विसर्जन तथा उपमहानगरपालिकाले तोकेको सेवा शुल्क उठाउने गरी २०७९ मंसिर १ गते देखि २०८२ साल कार्तिक मसान्तसम्म (तीन वर्ष)का लागि निजी साझेदार संस्था छनौट गर्नुपर्ने भएकोले वातावरण तथा फोहर व्यवस्थापन सम्बन्धी विषयमा दर्तावाला ईच्छुक फर्म वा कम्पनीहरुले यो सूचनाले माग गरेको देहाय बमोजिमको विवरण खुल्ने गरी बोलपत्र फारममा उल्लेखित शर्तका अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

**देहाय**

१. संस्थाको परिचय र फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य अनुभव ।
२. संस्थाको संस्थागत क्षमता
३. प्रस्तावित जनशक्तिको प्रकार, संख्या र कार्य अनुभव (सबैको व्यक्तिगत विवरणसहित)
४. प्रस्तावित ढुवानीको साधनहरुको प्रकार र संख्या (संस्थाको स्वामित्व वा भाडामा लिईने, भाडामा लिने भए सो को सुनिश्चितता) ।
५. संस्थाको ३ वर्षको वित्तीय विवरण । (३ वर्षको अडिट रिपोर्ट)
६. औसत वार्षिक कारोबार । (१० वर्षमा उत्कृष्ट सम्पादन गरेको ३ आ.व. को)
७. वित्तीय स्रोत खुल्ने कागजात ।
८. फोहरमैला व्यवस्थापन सम्बन्धी कार्ययोजना (कुहिने फोहर व्यवस्थापन, पुन प्रयोगिय फोहर, पुन चक्रिय फोहर तथा अन्य फोहरको व्यवस्थापन) र सो का लागि अपेक्षित लागत साझेदारी ।
९. कार्यस्थल तथा कर्मचारी सुरक्षाको योजना (क्रियाकलाप, लगानी तथा समय सीमा)
१०. एकीकृत फोहरमैला व्यवस्थापन प्रणालीको सुधारको योजना ।
११. अभिलेखिकरण र अभिलेखको उपलब्धता सम्बन्धी कार्ययोजना ।
१२. यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईट www.hetaudamun.gov.np तथा ई-बिडिङ्ग पोर्टल www.bolpatra.gov.np/egp बाटसमेत जानकारी लिन सकिनेछ । साथै यस कार्यालको सूचना पाटीमासमेत टाँस गरिएको छ ।
१३. अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको वातावरण शाखाको फोन नं. ०५७-५२०४३३ मा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## डेंगी ज्वरो (Dengue Fever)

**परिचय**

डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो । डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ ।

**लाममुट्टेले टोक्ने समय**

एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ ।

**लामखुट्टे वृद्धि विकास हुने स्थान**

एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फूल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्यांकी आदि लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ ।



**लक्षणहरु**

डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्दछन् :

- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा बिबिरा आउने
- रिंगटा लाग्ने,
- वाकवाकी/वान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्था हो ।

**डेंगी ज्वरोको उपचार**

- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन । यो आफै निको हुन्छ ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्प्रिन जस्ता दुखाई कम गर्ने औषधि नखाने ।
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने ।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, वृद्धवृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको विषेश ध्यान दिनुपर्छ ।

**बच्ने उपाय**

डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्नेः

- विहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तैः धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने ।


**लामखुट्टेको वृद्धि विकास नियन्त्रण**

- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्दछ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्दछ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने ।
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

**लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो ।**

पेम्बा लामा (अध्यक्ष)
१३ नम्बर वडा कार्यालय
**हेटौंडा उपमहानगरपालिका**

## जनहितमा जारी सूचना




रामकृष्ण थापा (अध्यक्ष)
८ नम्बर वडा कार्यालय,
**हेटौंडा उपमहानगरपालिका**

## जनहितमा जारी सूचना




सुकराम केसी (अध्यक्ष)
९ नम्बर वडा कार्यालय,
**हेटौंडा उपमहानगरपालिका**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना